# जिल्ला प्रशासन कार्यालय रामेछापको निषेधाज्ञा जारी गरिएको

## सूचना ! सूचना !! सूचना !!!

१० चैत्र २०७६

माहामारीको रुपमा विश्वभर फैलिएको कोरोना भाइरस (कोभिड-१९) को सम्भावित संक्रमणबाट बच्न नेपाल सरकारले संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी सो को रोकथाम र निर्मूल गर्न भोली मिति २०७६/१२/११ गते मंगलबार विहान ६:०० बजेबाट मिति २०७६/१२/१८ गते विहान ६:०० बजे सम्म लागू हुने गरी आदेश जारी गरेको हुँदा सो आदेश कार्यान्वयनको लागि प्रचलित कानून बमोजिम यस जिल्ला भित्र देहाय बमोजिमका कामहरु नगर्न/नगराउनु हुन जिल्ला सुरक्षा समितिको निर्णयानुसार निषेधाज्ञा जारी गरिएको छ । यदि कसैले यो सूचनाको उल्लघंन गरे/गराएको पाईएमा प्रचलित कानून बमोजिम कारवाही गरिने छ ।

**देहाय**

१. औषधी उपचार, खाद्य वस्तु खरिद जस्ता आवश्यक काममा बाहेक कुनै पनि ब्यक्ति घरबाट बाहिर ननिस्कने ।

२. अनुमति प्राप्त सवारी साधन, स्वास्थ्यकर्मी, सुरक्षा निकायले प्रयोग गर्ने बाहेक सबै प्रकारका सार्वजनिक वा निजी यात्रुबाहक सवारी साधन सञ्चालनमा पुर्ण रोक लगाउने।

३. स्वास्थ्य, सुरक्षा, खाद्यवस्तु, खानेपानी, दुध, विद्युत, दूरसञ्चार, सूचना तथा सञ्चार, भन्सार, क्वारेन्टाइन, फोहोरमैला व्यवस्थापन जस्ता अति आवश्यक सेवा बाहेक अन्य कार्यालय सञ्चालनको लागि आवश्यक पर्ने कर्मचारीहरु मात्र उपस्थित हुने व्यवस्था गरी अन्य कर्मचारीहरुलाई आवश्यक परेको बखत तत्काल उपस्थित हुने गरी सम्बन्धित कार्यालय प्रमुखले विदा दिने ।

४. अनुमति लिई व्यवसायीहरुले औषधी र औषधीजन्य सामाग्रीहरुको नियमित आपूर्तिको व्यवस्था गर्ने ।

५. संक्रामक रोग ऐन, २०२० अन्तर्गत जारी आदेशको अवहेलना गर्ने वा काममा बाधा पुऱ्याउने व्यक्तिलाई सोही ऐन बमोजिम सजाय गर्ने ।

रुद्रा देवी शर्मा
प्रमुख जिल्ला अधिकारी